**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरु नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस मापदण्डमा-

(क) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध अनुसूची बमोजिमका निकाय सम्झनु पर्छ ।

(ख) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक, सदस्य सचिव, कार्यकारी सञ्चालक वा महाप्रवन्धक सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले सार्वजनिक निकायको सदस्यका रुपमा नियुक्ति वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "अख्तियारवाला" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने अख्तियारी पाएको अधिकारी सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(छ) "सम्बन्धित कानून" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन सम्बन्धी ऐन, नियम र गठन आदेश सम्झनु पर्छ ।

३. **पदाधिकारी तथा सदस्यको लागि योग्यता**: सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि व्यक्तिलाई देहाय बमोजिमको योग्यता नभई पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन गरिने छैन:-

(क) विकास समितिको कार्यकारी प्रमुखका हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष कार्य गरेको र सो बाहेक अन्य सार्वजनिक निकायको कार्यकारी प्रमुखका हकमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको ,

(ख) विकास समिति बाहेकका अन्य सार्वजनिक निकायको पदाधिकारीको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको,

(ग) विकास समिति बाहेकका अन्य सार्वजनिक निकायको सदस्यका हकमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको ।

(घ) कार्यकारी प्रमुखको हकमा तीस वर्ष पूरा भई पैसठी वर्ष उमेर ननाघेको र पदाधिकारीको हकमा पैंतीस बर्षको उमेर पूरा भएको,

(ङ) सदस्यका हकमा पच्चीस वर्ष उमेर पूरा भएको ।

४. **नियुक्तिको लागि अयोग्यता** : देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछ:-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधिको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको ।

५. **पदावधि:** सम्बन्धित कानूनमा अन्यथा लेखिएकोमा वाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

६. **पद रिक्त हुने अवस्था:** सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ :-

(क) निजले उक्त पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा ४ वमोजिम अयोग्य भएमा,

(घ) कार्य क्षमताका अभाव, खराव आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका बाट बञ्चित गरिने छैन ।

(ङ) निजको मृत्यु भएमा ।

७. **नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्ने** : (१) सम्बन्धित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्बन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयन गर्दा मन्त्रालयले कार्यविधि बनाई खुल्ला प्रतिस्पर्धाको आधारमा नियुक्ति वा मनोनयन गर्नेछ ।

८. **कार्य सम्पादन करार गर्नुपर्ने**: (१) कार्यकारी प्रमुखले निज नियुक्ति वा मनोनयन भएको मितिले तीस दिनभित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नु पर्नेछ:-

(क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्यांकनको संयन्त्र,

(ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा,

(च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक छ महिनामा मूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मुल्याङ्कन गर्दा मन्त्रालयले कुनै विज्ञ व्यक्तिको सहयोग लिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम कार्यसम्पादनको स्तर पचास प्रतिशत भन्दा कम हुने कार्यकारी प्रमुखलाई अख्तियारवालाले उक्त पदबाट हटाउने आधार बनाउन सक्नेछ ।

९. **मापदण्ड लागू नहुने**: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयबाट सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्य वा अन्य निकाय वा संस्थाबाट प्रतिनिधित्व गर्ने पदेन पदाधिकारी तथा सदस्यको हकमा यो मापदण्ड लागू हुने छैन ।

१०. **पारिश्रमिक तथा सुविधा नपाउने** : सार्वजनिक निकायमा नियुक्त वा मनोनयन भएका पदाधिकारी तथा सदस्यले सम्बन्धित कानूनमा उल्लेख भए बाहेकको कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

११. **दोहोरो सुविधा लिन नहुने**: यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ ।

१२. **बाझिएमा गर्ने**: यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

१३. **बचाउ**: यो मापदण्ड लागू हुनुपूर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा वहाल रहेका पदाधिकारी तथा सदस्यहरु यसै मापदण्ड बमोजिम नियुक्ति वा मनोनयन भएको मानिनेछ ।

अनुसूची

(दफा २ को खण्ड (क) सँग सम्बन्धित)

**सार्वजनिक निकाय**

१. नेपाल नागरिक उड्डयन प्राधिकरण
२. नेपाल वायुसेवा निगम
३. नेपाल पर्यटन बोर्ड
४. सांस्कृतिक संस्थान
५. पशुपति क्षेत्र विकास कोष
६. लुम्बिनी विकास कोष,
७. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्
८. नेपाल पर्यटन तथा होटल व्यवस्थापन विकास समिति
९. तारागाउँ विकास समिति
१०. नेपाल पर्वतीय प्रशिक्षण विकास समिति
११. खप्तड क्षेत्र पर्यटन विकास समिति
१२. राष्ट्रिय ताल संरक्षण विकास समिति
१३. रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति
१४ कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
१५. मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
१६. चिसापानी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
१७. लुम्बिनी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
१८. सिम्रौन क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
१९. विदेह मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
२०. सलहेश क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
२१. विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति
२२. पाथीभरा क्षेत्र विकास समिति
२३. बृहत्तर वराह क्षेत्र विकास समिति
२४. हलेसी महादेवस्थान विकास समिति
२५. बुढानिलकण्ठ क्षेत्र विकास समिति
२६. बौद्धनाथ क्षेत्र विकास समिति
२७. पाटन संग्रहालय विकास समिति
२८. देवघाट क्षेत्र विकास समिति
२९. भानु जन्मस्थल विकास समिति
३०. मनकामना क्षेत्र विकास समिति
३१. हनुमानढोका दरवार संग्रहालय विकास समिति